# भ्रमण प्रतिवेदन

| | |
|---|---|
| नामः | महेन्द्र मान गुरुङ्ग |
| पदः | प्रमुख सूचना आयुक्त |
| कार्यालयः | राष्ट्रिय सूचना आयोग |
| कार्यक्रमको नामः | सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रममा सहभागी हुन तथा सूचनाको हकको कार्यन्वयनको अवस्था बुझ्न । |
| भ्रमण गरेको स्थानः | ईलाम जिल्लाको माइ नगरपालिका, पांचथर जिल्ला, तेह्रथुम जिल्लाको आठराई गाउंपालिका र ओखलढुङ्गा । |
| भ्रमणको उद्येश्यः | सूचनाको हक सम्वन्धी व्यवस्थाको प्रभावकारी कार्यन्वयन गर्न गराउन र सचेतना । |
| भ्रमण अवधिः | २०७८ फागुन २१ देखि २७ गते सम्म |

## १ सूचनाको हक सम्बन्धी स्थानिय तह स्तरीय अन्तरक्रिया कार्यक्रम, माई नगरपालिका, इलाम

२०७८ फागुन २२ गते आइतवार

कार्यक्रममा माई नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, नगरपालिका स्थित सार्वजनिक निकायका कार्यालय प्रमुखहरु, सूचना अधिकारीहरु, सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमको अध्यक्षताः राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्ग

प्रमुख अतिथिः माई नगरपालिकाका मेयर श्री दिपक कुमार थेवे

राष्ट्रिय सूचना आयोगको आयोजनामा माई नगरपालिकामा नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज, सूचनको हकका अभियन्ता, सञ्चारकर्मीहरुका लागि सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। नगरपालिकाका प्रमुख (मेयर) श्री दिपक कुमार थेवेले कार्यक्रमको उद्घाटन गर्दै सूचनाको हक लोकतन्त्रको मेरुदण्ड भएको विचार व्यक्त गर्दै आफ्नो र नगरपालिकाको सूचनाको हक प्रति प्रतिवद्धता व्यक्त गर्नुभयो । साथै मेयर थेबेले सूचनाको हक मागकर्ताले जथाभावी सूचना माग गर्ने, सूचना माग गर्ने बहानामा अनावश्यक दुख दिन खोज्ने, सामाजिक सञ्जालमा जथाभावी गाली गर्ने तथा इमान्दारीपूर्वक गरेको काममा पनि शंका गर्ने, समाचार गलत मनसायबाट बंग्याउने, गरिएको हुंदा सूचनाको हक सम्बन्धी कानूनमा परिमार्जन आवश्यक भएको सुझाव प्रस्तुत गर्नुभयो । सूचना दुरुपयोग सम्बन्धी छुट्टै कानून बनाउन पर्ने भन्दै नागरिकको हक अधिकारका लागि नगरपालिका निरन्तर लागि रहेको र थप पारदर्शी बनाउन तयार रहेको विचार समेत व्यक्त गर्नु भयो ।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्गले कार्यक्रमको अध्यक्षता गर्दै सूचनाको हक लोकत्रान्तिक पद्धति स्थापना पश्चात मात्र संविधानमा प्रवेश पाएको र जनआन्दोलन पश्चातको संविधान सभाका जनप्रतिनिधिहरुले लोकतान्त्रिक पद्धतिमा नागरिकलाई सशक्त र अधिकारसम्पन्न बनाउन सूचनाको

हक सम्बन्धी कानूनको आवश्यकता महसूस गरी कानून ल्याएको, विश्वमा १२९ भन्दा बढी देशमा सूचनाको हक सम्बन्धी कानून बनेको, शुसासन, जवाफदेहिता, पारदर्शिता कायम गर्न पनि सूचनाको हक आवश्यक भएको सन्दर्भका कारण यो कानून आएको हुंदा हामी सबै जिम्मेवार नागरिकले यसको प्रवर्द्धन एवं सम्वर्द्धनमा लाग्न आवश्यक भएको विचार व्यक्त गर्नु भयो । नागरिकले सवै सूचना माग गर्न पाउने, सार्वजनिक निकायले दिन मिल्ने नमिल्ने कानून हेरि निर्णय गर्नुपर्ने, दुख दिने नियत भन्न उपयुक्त नहुने, नागरिकको सम्मान गर्दै माग गरेको सूचना समयमा उपलव्ध गराउन पर्ने, सूचना मागकर्तालाई सहजीकरण गर्न पर्ने, सूचना माग्न आउनै नपर्ने वातावरण बनाउन स्वत प्रकाशन तथा सार्वजनिकिकरणमा जोड दिन पर्ने, खर्चको विवरण मासिक रुपमा सार्वजनिक गर्नुपर्ने, सूचना माग्दा कुनै शुल्क वा टिकट नलाग्ने व्यवस्था गर्न पर्ने, पत्रकार सम्मेलनका माध्यमवाट सवै जानकारी गराई रहन पर्ने जस्ता सुझावहरु दिनु भयो । सामाजिक सञ्जालको आलोचना गर्नु भन्दा सार्वजनिक निकायले सदुपयोग गर्नुपर्ने, सूचना माग्दै नपर्ने गरी सार्वजनिक हुने व्यवस्था गर्नु पर्ने, नगरपालिकाका निर्णयहरु तत्काल सार्वजनिक गर्दा उपयुक्त हुने, वेवसाइट सदा अपडेट गर्दै जान पर्ने, पर्याप्त सूचना प्रवाह गर्नपर्ने जस्ता निर्देशन पनि प्रमुख आयुक्त गुरुङ्गले सो अवसरमा दिनुभयो । कार्यक्रममा सहभागिहरुवाट उठेका जिज्ञाशाहरुको पनि प्रमुख आयुक्त गुरुङ्गले सूचनाको दुरुपयोग हुन्छ की भन्ने आशंकाकै भरमा सूचना नदिने भन्न नमिल्ने, दुरुपयोग भएको जानकारी भए आयोगमा उजुरी गर्न सकिने, कारवाही गर्ने कानूनी व्यवस्था भएको, कानून संसोधन समयनुकूल रुपमा भै नै रहने विषय भएको, नगरपालिकाको कार्य सम्पादन कै लागि पनि अभिलेख व्यवस्थापनमा जोड दिन पर्ने सुझाव सहितको जवाफ दिनु भएको थियो । साथै प्रमुख आयुक्तले माई नगरपालिका परिवार, मेयर, प्रमुख प्रशासकिय अधिकृत तथा सम्पुर्ण सहभागीहरुलाई हार्दिक धयवाद दिनुभयो ।

आयोगका सचिव श्री भागिरथ पाण्डेले सूचनाको हकका वारेमा भएका संवैधानिक तथा कानूनी व्यवस्था, सार्वजनिक निकायको दायित्व, दण्ड सजायको व्यवस्था, सूचनाको हक प्रयोग गर्दा हुने फाइदा र आयोगले अन्तरक्रिया कार्यक्रमवाट अपेक्षा गरेका विषयहरुमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सचिव पाण्डेले सहभागीहरुवाट प्राप्त जिज्ञाशाहरुको जवाफ पनि दिनु भएको थियो ।

कार्यक्रममा सहभागीहरुले खर्चको विवरण जो सुकैले माग्दा दिन पर्ने कि नपर्ने, जे पनि माग्न पाइने हो कि होइन, कति समय अगाडी सम्मको सूचना दिन पर्ने हो, सूचना माग गर्दा सञ्चारकर्मीले के उद्देश्य उल्लेख गर्ने हो, विद्युतिय माध्यमवाट सूचना उपलव्ध गराउंदा शुल्क नलाग्ने वा कम लाग्ने हुनपर्ने माग आएको सन्दर्भमा के गर्ने, दुरुपयोग हुने आशंका हुंदा के गर्ने, युट्युव र फेसवुक जथाभावी लेख्नेलाई के गर्ने, सूचना माग गर्दै गर्दा गलत मनसाय प्रकट गरे के गर्ने, नगरपालिकामा अभिलेख व्यवस्थापन राम्रो नभएकोले पुराना सूचना उपलव्ध गराउन बाधा पुगेको, जनशक्तिको पनि कमी भएको, क्षतिपुर्ति सहितको नागरिक बडापत्र सम्वन्धमा के छ जस्ता जिज्ञाशा तथा सूचनाको हक सम्बन्धी कानून नै संसोधन गर्नु पर्ने हो की भन्ने सुझाव पनि प्रकट भएको थियो ।

कार्यक्रम सञ्चालन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री गणेश अधिकारीले सञ्चालन गर्नु भएको थियो भने आयोगका उपसचिव श्री कपिलप्रसाद उपाध्यायले स्वागत मन्तव्य व्यक्त गर्दै कार्यक्रमको उद्येश्य माथि प्रकाश पार्नु भएको थियो ।

## २ सूचनाको हक सम्बन्धी जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम, पांचथर

२०७८ फागुन २३ गते

कार्यक्रममा पांचथर जिल्ला स्थित सार्वजनिक निकायका कार्यालय प्रमुखहरु, सूचना अधिकारीहरु, सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमको अध्यक्षता: राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्ग

प्रमुख अतिथि: जिल्ला समन्वय समितिका प्रमुख श्री विष्णु प्रसाद सापकोटा

राष्ट्रिय सूचना आयोगको आयोजनामा पांचथर जिल्लाको फिदिममा जिल्लाका सार्वजनिक निकायका प्रमुख, सूचना अधिकारी, कर्मचारी, नागरिक समाज, सूचनाको हकका अभियन्ता, सञ्चारकर्मीहरुका लागि सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। पांचथर जिल्ला समन्वय समितिका प्रमुख श्री विष्णु प्रसाद सापकोटाले कार्यक्रमको उद्घाटन गर्दै सूचनाको हक लोकतन्त्रको महत्वपर्ण हक भएको विचार व्यक्त गर्दै आफ्नो र जिल्ला समन्वय समितिको सूचनाको हक प्रति प्रतिवद्धता व्यक्त गर्नुभयो । साथै प्रमुख सापकोटाले सार्वजनिक निकायका साथीहरुले उठाएका विषयमा आयोग सम्वेदनशील हुन, सूचनाको हकको प्रवर्द्धनमा सवै लाग्नु पर्ने, आयोगले पांचथरमा कार्यक्रम आयोजना गरेकोमा धन्यवाद दिनु भएको थियो ।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्गले कार्यक्रमको अध्यक्षता गर्दै सूचनाको हक लोकत्रान्तिक पद्धति स्थापना पश्चात मात्र संविधानमा प्रवेश पाएको र जनआन्दोलन पश्चातको संविधान सभाका जनप्रतिनिधिहरुले लोकतान्त्रिक पद्धतिमा नागरिकलाई सशक्त र अधिकारसम्पन्न बनाउन सूचनाको हक सम्बन्धी कानूनको आवश्यकता महसूस गरी कानून ल्याएको, विश्वमा १२९ भन्दा बढी देशमा सूचनाको हक सम्बन्धी कानून बनेको, शुसासन, जवाफदेहिता, पारदर्शिता कायम गर्न पनि आवश्यक भएको सन्दर्भका कारण यो कानून आएको हुंदा हामी सबै जिम्मेवार नागरिकले यसको प्रवर्द्धन एवं सम्वर्द्धनमा लाग्न आवश्यक भएको विचार व्यक्त गर्नु भयो । नागरिकले सवै सूचना माग गर्न पाउने, सार्वजनिक निकायले दिन मिल्ने नमिल्ने कानून हेरि निर्णय गर्नुपर्ने, दुख दिने नियत भन्न उपयुक्त नहुने, नागरिकको सम्मान गर्दै माग गरेको सूचना समयमा उपलव्ध गराउन पर्ने, सूचना मागकर्तालाई सहजीकरण गर्न पर्ने, सूचना माग्न आउनै नपर्ने वातावरण बनाउन स्वत प्रकाशन तथा सार्वजनिकिकरणमा जोड दिन पर्ने, खर्चको विवरण मासिक रुपमा सार्वजनिक गर्नुपर्ने, सूचना माग्दा कुनै शुल्क वा टिकट नलाग्ने व्यवस्था गर्न पर्ने, पत्रकार सम्मेलनका माध्यमवाट सवै जानकारी गराई रहन पर्ने जस्ता सुझावहरु दिनु भयो । सामाजिक सञ्जालको आलोचना गर्नु भन्दा सार्वजनिक निकायले सदुपयोग गर्नुपर्ने, सूचना माग्नै नपर्ने गरी सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्ने, निकायका निर्णयहरु तत्काल सार्वजनिक गर्दा उपयुक्त हुने, वेवसाइट सदा अपडेट गर्दै जान पर्ने, पर्याप्त सूचना प्रवाह गर्नपर्ने जस्ता निर्देशन पनि प्रमुख आयुक्त गुरुङ्गले सो अवसरमा दिनुभयो । कार्यक्रममा सहभागिहरुवाट उठेका जिज्ञाशाहरुको पनि प्रमुख आयुक्त गुरुङ्गले सूचनाको दुरुपयोग हुन्छ की भन्ने आशंकाकै भरमा सूचना नदिने भन्न नमिल्ने, दुरुपयोग भएको जानकारी भए आयोगमा उजुरी गर्न सकिने, कारवाही गर्ने कानूनी व्यवस्था भएको, कानून संसोधन समयनुकूल रुपमा भै नै रहने विषय भएको, नगरपालिकाको कार्य सम्पादन कै लागि पनि अभिलेख व्यवस्थापनमा जोड दिन पर्ने सुझाव सहितको जवाफ दिनु भएको थियो । साथै प्रमुख आयुक्तले माई नगरपालिका परिवार, मेयर, प्रमुख प्रशासकिय अधिकृत तथा सम्पुर्ण सहभागीहरुलाई हार्दिक धयवाद दिनुभयो । सूचना प्रदानकर्ताका समस्याहरु प्रति आयोग सम्वेदनशील रहेको

र समस्या सुल्झाउन तत्पर रहेको पनि विचार व्यक्त गर्नु भयो । स्थानिय तहहरुले सूचनाको हकका लागि पर्याप्त बजेट विनियोजन गर्न पनि सुझाव दिनु भयो ।

आयोगका सचिव श्री भागिरथ पाण्डेले सूचनाको हकका वारेमा भएका संवैधानिक तथा कानूनी व्यवस्था, सार्वजनिक निकायको दायित्व, दण्ड सजायको व्यवस्था, सूचनाको हक प्रयोग गर्दा हुने फाइदा र आयोगले अन्तरक्रिया कार्यक्रमवाट अपेक्षा गरेका विषयहरुमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सचिव पाण्डेले सहभागीहरुवाट प्राप्त जिज्ञाशाहरुको जवाफ पनि दिनु भएको थियो ।

जिल्लाका प्रमुख जिल्ला अधिकारीले लोकतान्त्रिक पद्धतिको विकास संगै मौलिक हकहरुको व्यवस्था हुंदै गएको र सूचनाको हक प्रवर्द्धनमा पांचथर जिल्लाका सार्वजनिक निकायहरु प्रतिवद्ध रहेको विचार व्यक्त गर्दै प्रत्यक महिना सूचना अधिकारीको वैठक तथा तिन तिन महिनामा स्वत प्रकाशन गर्ने गरेको जानकारी दिनु भएको थियो ।

कार्यक्रममा सहभागीहरुले सार्वजनिक निकायमा वजेट कम हुने कारणवाट सूचना उपलव्ध गराउन वाधा पुग्ने गरेको, खर्चको विवरण जो सुकैले माग्दा दिन पर्ने कि नपर्ने, जे पनि माग्न पाइने हो कि होइन, वेवसाइटमा रहेको सूचना पनि माग्ने गरेको, सूचना अधिकारीको कार्य बोझका कारण समस्या भएको, क्षमता विकास पनि गर्न नपाइएको, वडा तहसम्मको निर्णयको प्रतिलिपि माग्ने गरिएको, इमेलवाट प्राप्त सुचना माग अधिकारीक हो की होइन छुट्याउन मुश्किल भएको, निकायमा अभिलेख व्यवस्थापन राम्रो नभएको कारणवाट समस्या भएको, संस्थागत स्मरण नभएकोले पनि मुश्किल भएको, कति समय अगाडी सम्मको सूचना दिन पर्ने हो, अन्य जिल्लाका नागरिकले पांचथर जिल्लाका निकायको सूचना किन माग गर्ने, छुट्टै सूचना अधिकारीको व्यवस्था हुनु पर्ने, कर्मचारीको अभावमा सूचना समयमा उपलव्ध गराउन बाधा पुग्ने गरेको, सूचना माग गर्ने गिरोह नै पो छन कि, सूचना माग गर्दै गर्दा गलत मनसाय प्रकट गरे के गर्ने जस्ता जिज्ञाशा तथा सूचनाको हक सम्बन्धी कानून नै संसोधन गर्नु पर्ने हो की भन्ने सुझाव पनि प्रकट भएको थियो ।

कार्यक्रम सञ्चालन आयोगका उपसचिव श्री कपिल प्रसाद उपाध्यायले र स्वागत मन्तव्य आयोगका अर्का उपसचिव श्री सीता निरौलाले गर्नु भएको थियो ।

## ३ सूचनाको हक सम्बन्धी छलफल तथा अनुगमन कार्यक्रम, आठराई गाउंपालिका, तेह्रथुम

२०७८ फागुन २३ गते

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्गले आठराई गाउंपालिकाका अध्यक्ष श्री मान बहादुर लिम्बु, प्रमुख प्रशासकीय अधिकृत श्री डम्बर बहादुर आङदेम्बे, सूचना अधिकारी श्री कृष्ण प्रसाद चम्लागाई, कर्मचारीहरु र तेह्रथुम जिल्ला पत्रकार महासंघका अध्यक्ष श्री अमृत बास्तोलासंग आठराई गाउंपालिकाको कार्यालयमा भेट गरी सूचनाको हक कार्यन्वयनका लागि छलफल गर्नुभयो ।

सो अवसरमा गाउंपालिकाका अध्यक्ष लिम्बुले स्वाभाविक रुपमा गाउंपालिका सूचनाको हक प्रति प्रतिवद्ध रहेको, नागरिकलाई समृद्ध बनाउने विषय भएकोले गाउंपालिकाले गर्नु पर्ने काम गर्ने, कहिलेकांही समस्या पनि हुने गरेको र यस कार्यमा आयोगबाट सकरात्मक सहयोग अपेक्षा रहेको बनाउनु भएको थियो ।

आयोगका प्रमुख आयुक्त गुरुङ्गले स्थानिय तहका कृयाकलापहरु बढ्दै जांदा नागरिकको चासो र जिज्ञाशा बढ्दै जानु स्वाभाविक रहेको र सूचना नपाएको पुनरावेदन स्थानिय तहमा बढी रहेको, सूचनाको हक नागरिकलाई बलियो, समृद्ध बनाउने शासन प्रणालीमा सहभागी बनाउने महत्वपुर्ण माध्यम भएको विचार व्यक्त गर्दै गाउंपालिकाका कृयाकलाप तथा खर्च नियमित रुपमा सार्वजनिक गर्दै जांदा सूचना माग्नै नपर्ने अवस्था बनाउन सकिने हुंदा नियमित रुपमा सार्वजनिक गर्न, पारदर्शिता कायम गर्न, स्वत प्रकाशन गर्न अनुरोध गर्नुभयो ।

सो अवसरमा गाउंपालिकाका प्रमख प्रशासकीय अधिकृत तथा सूचना अधिकारीले सूचना मागकर्ताले ५ बर्ष देखिको सवै विलभरपाईको प्रतिलिपि माग गर्ने निवेदन प्राप्त भएको, कतिपयले सूचना मागलाई अन्य विषयसंग जोडेर गलत फाइदा लिन खोजेको, सम्वन्धित गाउपालिका भन्दा धैरै टाढा जिल्लाका सुचना मागकर्ताले सूचना माग गरेको, सान्दर्भिकता नदेखिएको जस्ता समस्यहरुका वारेमा जानकारी गराउनु भएको थियो ।

## ४ सूचनाको हक सम्बन्धी छलफल तथा अनुगमन कार्यक्रम, जिल्ला प्रशासन कार्यालय, तेह्रथुम र ओखलढुङ्गा

२०७८ फागुन २४ र २६ गते

तेह्रथुम जिल्लाका प्रमुख जिल्ला अधिकारी अनोज कुमार घिमिरेसंग मंगलवार सूचनाको हक कार्यन्वयनको अवस्था र प्रभावकारी बनाउने बारेमा संक्षिप्त कुराकानी भयो ।

ओखलढुंगाका प्रमुख जिल्ला अधिकारी दिल कुमार तामाङ, जिल्लाका प्रहरी प्रमुख, सूचना अधिकारीसंग विहीवार ओखलढुंगा जिल्लामा सूचनाको हक कार्यन्वयनको अवस्था र प्रभावकारी बनाउने बारेमा छलपल भयो । उक्त अवसरमा जिल्लामा सूचना अधिकारीहरुको नियमित बैठक राख्न, कार्यालय प्रमुखको बैठकको एजेण्डा बनाउने सम्वन्धमा छलफल भएको थियो ।